# बहुदरमाई नगरपाकिलको ऐतिहासिक दोस्रो नगर सभाले गरेका निर्णय सार्वजनिकीकरण तथा पत्रकार भेटघाट कार्यक्रम

उपस्थित सञ्चारकर्मी मित्रहरु,
उपस्थित अन्य महानुभावहरु

बहुदरमाई नगरपालिकाले आगामी आर्थिक बर्ष २०७५/०७६ मा प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान, सामाजिक सुरक्षा, आन्तरिक आय तथा अन्य आय गरी कूल ५४ करोड ४२ लाख अनुमान गरिएको छ। सो आयलाई चालु तथा पूँजीगत शिर्षकमा बाँडफाँड गरी नगरपालिकाले लिएका मुख्य मुख्य नीति तथा योजनालाई बजेटले खामे सम्म समेट्ने प्रयास गरिएको व्यहोरा सञ्चारकर्मी मित्रहरुलाई जानकारी गराउँदछु ।

नगरपालिकामा प्राप्त हुने आ.ब. २०७५।०७६ को बजेट निर्माण गर्दा नेपालको वर्तमान संविधानले निर्दिष्ट गरेका व्यवस्था तथा प्रावधानहरु, संघीय सरकार तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,चालु आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधानहरु, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ र अन्तर सरकारी वित्तिय हस्तान्तर ऐन २०७४ त्यैगरी नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु, स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु, विकासका समसामयिक मुद्धाहरु एवं स्थानीय विशिष्ट परिस्थिति अनुसारका विविध बिषयहरुलाई आधारको रुपमा लिएको छ।

उल्लेखित आधारहरुमा बजेट निर्माण गर्दा हामीले आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिने, राजश्व परिचालनमा योगदान पुर्‍याउने, सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने, स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने, लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने, दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने, बहुदरमाई क्षेत्रका कला र संस्कृतिको पहिचान र प्रबर्द्धन गर्ने, स्थानीय नागरिकको आवश्यकता र मागलाई सम्बोधन गर्ने, जनताको जीवनस्तरमा प्रत्यक्ष फाइदा हुने, आय आर्जन गर्न तथा रोजगारीमा बृद्धि हुने योजनाहरुलाई प्राथमिकता दिएका छौं।

संलग्न तालिकामा यस बहुदरमाई नगरपालिकाको अनुमानित आयलाई उल्लेखित गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु,

## आय तर्फ

| | | |
|---|---|---|
| १ | वित्तीय समानीकरण (संघीय सरकार) | ११९८०००००।०० |
| २ | वित्तीय समानिकरण (प्रदेश सरकार) | २९५१०००।०० |
| ३ | शशर्त अनुदान (संघीय सरकार) | १३१६०००००।०० |
| ४ | शशर्त अनूदान (प्रदेश सरकार) | १००००००।०० |

| | | |
|---|---|---|
| ५ | राजस्व वांडफांड रकम (संघीय सरकार) | ६७६६४०००।०० |
| ६ | राजस्व वांडफांड रकम (प्रदेश सरकार) | २६५१०००।०० |
| ७ | सामाजिक सूरक्षा भत्ता (संघीय सरकार) | ५१५०००००।०० |
| ८ | सम्पुरक कोष (संघीय सरकार) | ०।०० |
| ९ | विशेष कोष (संघीय सरकार) | ०।०० |
| १० | स्थानीय शासन तथा सामुदायिक विकास | १८००००।०० |
| ११ | वहुक्षेत्रीय पोषण योजना | १४३१०००।०० |
| १२ | सडकबोर्ड नेपाल | ३००००००।०० |
| १३ | आन्तरिक आय | ५०५००००।०० |
| १४ | गत आ.व.०७४।०७५को आन्तरिक आम्दानी मौज्दात | १४३१०७३।६८ |
| १५ | गत आ.व.०७४।०७५को सरी आएको मौज्दात | |
| १५।१ | पुजीगत तर्फ | १११३५३०००।०० |
| १५।२ | पुजीगत कार्यक्रम तर्फ | १४३४५९२९।०० |
| १५।३ | चालू | २१३४१२०१।४८ |
| | जम्मा | ५४४२९८२०४।१६ |

यसैगरी उक्त कूल आयलाई चालु तथा पूँजीगत गरी मुख्य दुई शिर्षकमा वाँडफाँड गरीएको छ । कूल आयबाट चालु तथा पूँजीगत प्रशासनिक खर्च तर्फ विनियोजन भएको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु । क्षेत्रगत तथा शीर्षकगत विनियोजित बजेटलाई संक्षिप्त रुपमा निम्नानुसार वाँडफाँड भएको व्यहोरा पेश गर्दछु ।

| क्र.सं. | कार्यक्रम तथा क्षेत्र | रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा | ११०६१६००० ।०० | |
| २ | कृषि | ४७३०००० ।०० | |
| ३ | पशू | २८०७००० ।०० | |
| ४ | वन, तथा वातावरण | २७०६००० ।०० | |
| ५ | विपद ब्यवस्थापन आर्थिक सहयोग समेत | २७००००० ।०० | |
| ६ | नगरक्षेत्रका सडक,सार्वजनिक सम्पति मर्मत संभार | ५५००००० ।०० | |
| ७ | सवारी साधन तथा मेसिनरी उपकरण | १३०००००० ।०० | |
| ८ | खानेपानी तथा सरसफाई | ३७००००० ।०० | |
| ९ | धर्म संस्कृती,दिवस प्रर्वधन कार्यक्रम | ४०००००० ।०० | |
| १० | सौर्य उर्जा र सडक बती जडान कार्यक्रम | ७०००००० ।०० | |

| | | | |
|---|---|---|---|
| ११ | नगरसूरक्षा कार्यक्रम | ८००००० ।०० | |
| १२ | यूवा तथा खेलकूद | २००००० ।०० | |
| १३ | न्याय, कानून, सूशासन तथा अभिलेख कार्यक्रम | ३१५०००० ।०० | |
| १४ | अनूसंधान तथा परामर्श | ४०००००० ।०० | |
| १५ | स्वास्थ्य तर्फ | ३८५६१००० ।०० | |
| १६ | पूर्वाधार विकास कार्यक्रम | २०५६९७२०४ ।१६ | |
| १७ | प्रशासनिक खर्च (कर्मचारी र पद्धाधिकारी समेत) | ७०२७०००० ।०० | |
| १८ | सामाजिक सूरक्षा भता वितरण | ५१५००००० ।०० | |
| १९ | सामाजिक समावेशि विकास कार्यक्रम | ३३६१००० ।०० | |
| २० | प्रदेश सरकारबाट निर्देशित शर्सत कार्यक्रम | १०००००००० ।०० | |
| | **कूल जम्मा:** | **५४४२९८२०४ ।१६** | |

आदरणीय मित्रहरु,

उल्लेखित बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी समाजमा सकारात्मक वातावरण सिर्जना गर्नको लागि यहाँहरुको महत्वपूर्ण भूमिका रहेको विदितै छ । तसर्थ सबैको रचनात्मक साथ र सहयोगको खाँचो नगरपालिकालाई आवश्यक पर्ने हुँदा सो को अपेक्षा समेत हामीले लिएका छौं । जसबाट समृद्ध बहुदरमाई निर्माणको हाम्रो अभियानले सार्थकता प्राप्त गर्नेछ ।

अन्तमा, यहाँहरुको अति व्यस्तताको समयमा समेत उपस्थित भईदिनु भएकोमा पुन धन्यवाद दिन चाहन्छु । जय बहुदरमाई ।

नितेन्द्र प्रसाद साह तेली
नगर प्रमुख
मिति :२०७५ साल असोज २२ गते सोमबार